नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

सिंहदरबार,
काठमाडौं, नेपाल


मिति : २०७८/०९/०७

### राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सूचना

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र राहदानी विभागबिच सेवामा अन्तर आबद्धताको संझौता भई हाल विद्युतीय राहदानी जारी गर्दा त्यसको विवरण भिडाई एकिन गर्ने कार्य राष्ट्रिय परिचयपत्र सूचना प्रणालीबाट हुने गरी व्यवस्थापन गरिँदै आएको छ। हाल ७७ जिल्ला प्रशासन कार्यालय, १७ वटा इलाका प्रशासन कार्यालय तथा नारायणहिटी दरबारमा रहेका स्टेशनहरुबाट लाइभ इनरोलमेन्ट (विवरण प्रविष्ट) मार्फत विवरण प्रविस्ट गरी राष्ट्रिय परिचय नम्बर लिन सकिन्छ । तसर्थ, विद्युतीय राहदानी अति जरुरी पर्ने व्यक्तिले आफ्नो जिल्लामा नै विवरण प्रविष्ट गरी अनलाइन मार्फत प्राप्त हुने राष्ट्रिय परिचय पत्र नम्बर लिएर राहदानीको आवेदन दिनु हुन अनुरोध छ।

विद्युतीय राहदानीको लाइभ इनरोलमेन्ट गर्ने स्टेशनहरु हाल राहदानी विभाग, त्रिपुरेश्वर, काठमाडौं उपत्यकाका तीनवटै जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुका अतिरिक्त अन्य जिल्लामा समेत विस्तारित हुने क्रममा रहेको छ। यो विस्तारित हुने क्रमसँगै सबै जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालय (राहदानीको कार्य गर्ने गरी तोकिएकोमा) मा पुगेपछि हाल काठमाडौं उपत्यकामा राष्ट्रिय परिचय पत्र नम्बर लिनको लागि हुने गरेको भिड क्रमशः व्यवस्थापन हुने नै देखिन्छ।तत्काल राहदानी आवश्यक नपर्ने महानुभावहरुले समेत राष्ट्रिय परिचयपत्र नम्बर लिने कार्य गर्दा अतिजरुरी पर्ने व्यक्तिले यो सेवा प्राप्त गर्न नसक्दा विभिन्न असहजता देखिन सक्छन्।

अत: हाल राहदानी अत्यावश्यक पर्ने महानुभावले विद्युतीय राहदानी प्राप्त गर्नको लागि गर्नुपर्ने लाइभ इनरोलमेन्ट (विवरण प्रविष्ट) अगाडी राष्ट्रिय परिचयपत्र नम्बर आवश्यक पर्ने भएको हुँदा व्यक्तिगत तथा जैविक विवरण दर्ता गराउनु पर्ने भएकोले त्यसको लागि राहदानी विभागवाट सवै जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयमा सेवा बिस्तार नगरुन्जेलसम्मको लागि हाललाई काठमाडौं उपत्यकामा मिति २०७८।०९।११ गते, आईतवारदेखि लागू हुने गरी तपशिल बमोजिम व्यवस्थापन गर्ने गरी कार्य गर्न क्षेत्र तोकिएकोले विद्युतीय राहदानी आवश्यक पर्ने महानुभावहरुले तपशिलका स्थानमा सम्पर्क गरी विवरण प्रविष्ट गर्नुहुन र राष्ट्रसेवक कर्मचारीले भने आफ्नो कर्मचारी परिचयपत्र सहित राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा सम्पर्क राख्न अनुरोध गरिन्छ।

तपशिल

| सि. नं. | स्थान | तोकिएको क्षेत्र तथा प्रदेश |
|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, काठमाडौं | बागमती प्रदेशका ललितपुर र भक्तपुर बाहेक सबै जिल्ला तथा प्रदेश नं. २ सबै जिल्लाका अत्यावश्यक सेवाग्राहीहरु |
| २ | जिल्ला प्रशासन कार्यालय, ललितपुर | ललितपुर जिल्ला, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका सबै जिल्लाका अत्यावश्यक सेवाग्राहीहरु |
| ३ | नारायणहिटी दरवार परिसर (साविकको राहदानी विभाग) | प्रदेश नं. १, लुम्विनी र गण्डकी प्रदेशका सवै जिल्लाका अत्यावश्यक सेवाग्राहीहरु |

ललित कुमार बस्नेत
निर्देशक